|| श्री ||

# उच्च अदालत विराटनगर

(मुद्दा फाँट नं. २ -रिट)

☏ फोन नं. रजिस्ट्रार : ०२१-५२७११७
उपरजिस्ट्रार : ०२१-५२१११६,
प्रशासन : ०२१-५२२८०२,
मुद्दा : ०२१-५२७१२८
Email: writ.hcbiratnagar@supremecourt.gov.np
Website: www.supremecourt.gov.np
विराटनगर, मोरङ, कोशी प्रदेश, नेपाल ।

पत्र संख्या :- ०८१/८२
चलानी नं. :- १५४५०

मिति: २०८२/०३/२४

रिट नं. : ०८०-WO-०६८६/ परमादेश समेत

विषय:- आदेशको जानकारी सम्बन्धमा।

श्री रतुवामाई नगरपालिकाको कार्यालय सिजुवा मोरङ।
श्री रतुवामाई नगरपालिकाको निवर्तमान नगर प्रमुख रविन राई।
श्री रतुवामाई नगरपालिकाको नगरप्रमुख नागेश्वर प्रसाद सिंह।
श्री रतुवामाई नगरपालिकाको उपप्रमुख दमयन्ता चुडाल।
श्री रतुवामाई नगरपालिकाको वडा नं.७ को वडा प्रमुख राम कार्की।
श्री रतुवामाई नगरपालिकाको लेखा प्रमुख प्रमुख रिता सिग्देल।
श्री रतुवामाई नगरपालिकाको कृषि शाखा प्रमुख नरहरी निरोला।
श्री रतुवामाई नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख सन्तोष साह।
श्री रतुवामाई नगरपालिका वडा नं.१० का वडाध्यक्ष इवं प्रवक्ता कुल बहादुर कार्की।

उपरोक्त सम्वन्धमा निवेदक अधिवक्ता विनोदमणी भट्टाराई समेत विपक्षी रतुवामाई नगरपालिकको कार्यालय, सिजुवा मोरङ समेत भएको परमादेश समेत रिट निवेदनमा यस अदालतवाट मिति २०८२।०१।२२ मा विपक्षीहरुको नाउँमा परमादेशको आदेश जारी हुने ठहरी आदेश भएको हुँदा उक्त आदेशको कार्यान्वयन प्रयोजनार्थ आदेशको प्रतिलिपी यसै पत्र साथ संलग्न गरी पठाईएको छ। प्राप्त भएपछि आदेशानुसार गर्नु हुन अनुरोध छ।

३।२४

शाखा अधिकृत

श्री

# उच्च अदालत विराटनगर

संयुक्त इजलास

इजलास नम्बर- ५

## माननीय न्यायाधीश श्री ममता खनाल

## माननीय न्यायाधीश श्री केशव प्रसाद वास्तोला

**आदेश**

मुद्दा नम्बर : ०८०-WO-०६८६

दर्ता नं. : ०४-०८०-०१८६५

दर्ता मिति: २०८१/०१/१४

निर्णय नम्बर : ७३०

मुद्दाः अन्तरिम आदेश सहितको परमादेश लगायत जो चाहिने आज्ञा आदेश जारी गरी पाउँ।

| | |
|---|---|
| जिल्ला मोरङ साविक सिजुवा गा.वि.स. वडा नं. ७ को परिवर्तित रतुवामाई नगरपालिका वडा नं. ६ बस्ने **अधिवक्ता विनोदमणी भट्टराई**-----------------------१ | निवेदक |
| ऐ. जिल्ला साविक इटहरा गा.वि.स. वडा नं. ६ को परिवर्तित रतुवामाई नगरपालिका वडा नं. ८ बस्ने **अधिवक्ता लवन न्यौपाने**---------------------------१ | |

**विरुद्ध**

| | |
|---|---|
| जिल्ला मोरङ रतुवामाई नगरपालिकाको कार्यालय, सिजुवा मोरङ------------------१ | विपक्षी |
| जिल्ला मोरङ साविक गोविन्दपुर गा.वि.स. वडा नं. ७ को परिवर्तित रतुवामाई नगरपालिका वडा नं. ५ बस्ने ऐ. नगरपालिकाको निवर्तमान नगरप्रमुख रविन राई-१ | |
| जिल्ला मोरङ रतुवामाई नगरपालिकाका नगरप्रमुख नागेश्वर प्रसाद सिंह -----------१ | |
| जिल्ला मोरङ रतुवामाई नगरपालिकाकी उपप्रमुख दमयन्ता चुडाल----------------१ | |

जिल्ला मोरङ रतुवामाई नगरपालिकाका वडा नं. ७ का वडा प्रमुख राम कार्की---१
जिल्ला मोरङ रतुवामाई नगरपालिकाकाकी लेखा शाखा प्रमुख निता सिग्देल--------१
जिल्ला मोरङ रतुवामाई नगरपालिकाकाको कृषि शाखा प्रमुख नरहरी निरौला-------१
जिल्ला मोरङ रतुवामाई नगरपालिकाकाको स्वास्थ्य शाखा प्रमुख सन्तोष साह------१
जिल्ला मोरङ रतुवामाई नगरपालिकाका वडा नं. १० का वडाध्यक्ष एवं रतुवामाई नगरपालिकाका प्रवक्ता भनी नियुक्त गरिएका कुलबहादुर कार्की--------------------१

नेपालको संविधानको धारा १४४ र न्याय प्रशासन ऐन, २०७३ को दफा ८(१) बमोजिम यसै अदालतको क्षेत्राधिकार भित्र पर्ने प्रस्तुत मुद्दाको संक्षिप्त विवरण यस प्रकार रहेको छ :-

तथ्य खण्ड

१ मोरङ जिल्लाको पूर्वमा रहेको रतुवामाई नगरपालिकाले कोरोना माहामारीको समयमा विभिन्न निकाय तथा नगरपालिकाको कोषबाट निम्न र कमजोर आर्थिक अवस्था भएका नागरिकहरुका लागि खरिद गरिएका खाद्यान्न, औषधी लगायत अत्यावश्यक विभिन्न राहत समाग्रीहरुको मिति गुज्रीदासम्म भण्डारण गरी प्रत्यर्थीहरुको मिलिभगतमा नगरपालिकाको फोहोर फाल्ने डम्पिङ साईट रहेको भनिएको वडा नं. ७ मा रहेको रतुवा खोलाको किनारमा नष्ट गर्ने हेतुले मिति २०८१।०१।९ गते प्लाष्टिकका प्याकेट सहित माटोमा गाडिएको भन्ने सूचनाका आधारमा नगरबासीहरुले खोजी गरी हेर्दा माटोमुनी ३५० किलो जैविक मल, ४५ किलोग्राम नुन, कृषि ज्ञान मोरङबाट प्राप्त तरकारी मिनी किट १०० प्याकेट. १७५ कोलोग्रमा सोना चामल, २५ कोलोग्राम मुसुरी दाल २४ वटा साबुन तथा मानव स्वास्थ्यमा प्रयोग हुने औषधी लगायतका सामाग्री फेला परेको पाईयो। अर्को तर्फ सामान्य कानुनी प्रकृया समेत पुरा नगरी सयौं कुईन्टल चामल लगायत खाद्य सामग्री नष्ट गर्ने कार्य कानुन विपरितको कार्य रहेको तथा प्रत्यर्थी नं. २ निवर्तमान नगरप्रमुख रविन राई नगरप्रमुख बहाल रहेकै अवस्थामा प्राप्त गरिएका माथि उल्लेखित सामग्रीहरु लक्षित समुदायसम्म पुऱ्याउने कुरालाई नजरअन्दज गर्दै भण्डारण गरेर राख्ने कार्यले राज्यको सम्पत्ति नष्ट भएकै छ, मजदुरी गरेर बस्ने हजारौं जनसंख्यासम्म उक्त खाद्यान्न नपुराई सडाएर राख्ने कार्य मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको मर्म र भावना विपरित रहेको छ। विपक्षीहरुको उपरोक्त कार्यले फहोरमैला व्यवस्थापनका नाउँमा खोला वातावरणमा गम्भिर असर पुऱ्याउने किसिमका प्लाष्टिक र औषधी तथा विषादी जन्य पदार्थलाई जथाभावी फाल्ने थुपार्ने र गाड्ने नगरी जैविक र अजैविक अथवा कुहिने र नकुहिने फोहोर छुट्टयाई उचित व्यवस्थान गर्ने तथा कुनै सामान नष्ट गर्नु पर्ने अवस्था आएमा सर्जमिन मुचुल्का खडा गरी उचित कार्यविधि अवलम्बन गरेर मात्र वातावरणलाई असर नगर्ने गरी निष्ट गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत अन्य

उपर्युक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको बिनोद भट्टराईसमेत वेहोराको रिट निवेदनपत्र।

२ यसमा के कसो भएको हो ? निवेदन मागबमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? जारी हुनु नपर्ने भए सोको आधार कारण र भए प्रमाण सहित बाटोको म्याद बाहेक १५ दिनभित्र आफैं वा आफ्नो कानूनबमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ पेस गर्नू भनी विपक्षीहरुका नाममा प्रस्तुत आदेश र निवेदनको प्रतिलिपि सहित म्याद सूचना जारी गरी लिखित जवाफ परे वा अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नू। रिट निवेदकलाई अग्राधिकार दिई निरुपण गरी पाउँ भन्ने निवेदन जिकिर भएपनि निवेदनमा उठान भएको विषयको प्रकृतिबाट रिट निवेदनलाई अग्राधिकार दिई रहन परेन। नियमानुसार पेस गर्नू भन्ने **मिति २०८१/०१/१६ को आदेश।**

३ यस नगरपालिकाको स्टोरमा रहेका म्याद नाघेका केही खाद्य सामग्री र जैविक मल तरकारी मिनि किट, साबुन लगायतका सामानहरु उपयोगहीन भएको कारण सम्बन्धित कृषि एवं स्वास्थ्य शाखा प्रमुखका हैसियतले हामी लिखित जवाफकर्ता मध्येका नरहरि निरौला र सन्तोष साहले मिति २०८०।१०।२० गतेका दिन उक्त म्याद नाघेका सामानहरु नष्ट गर्ने प्रयोजनका निम्ति ट्याक्टरमा हाली नगरको अस्थायी डम्पिङ रतुवा खोलाको बगरमा लगी खाल्डो खनी पुरेको अवस्था हो। उक्त सामानहरु पुरेको थाहा पाई स्थानीय व्यक्तिहरुले उक्त सामग्री पुनः उत्खनन गरी सो सम्बन्धमा सरोकारवाला हौं भनी हामी लिखित जवाफकर्तासँग सूचना माग्ने क्रममा हामीले दिएको सूचना विज्ञप्ती लगायतका कुरालाई सरोकारवाला समूह बताउने नागरिकहरुले बेवास्ता गरी उनीहरुको तर्फबाट नगरपालिकामा ताला लगाउनेसम्मका गतिविधि भएको अवस्था थियो। उक्त घटना सम्बन्धमा निष्पक्ष रुपमा छानबिन गरी गल्ती देखिएका जो कोहीलाई कानून बमोजम कारवाही होस भनी नगरपालिकाको तर्फबाट जिल्ला प्रशासन कार्यालय मोरङमा मिति २०८१।०१।१२ गतेका दिन पत्रचार गरेपछि सो सम्बन्धमा छानबिन समिति गठन भई हाल छानबिन गरीरेहेको अवस्था छ। उक्त मिति सकिएका सामग्रीहरु हामी लिखित जवाफकर्ता मध्येका नरहरी निरौला र सन्तोष साहले सफा नियतका साथ प्रयोग गर्न नमिल्ने सामानहरु नष्ट गरेको तथा उक्त सामानहरुको लिष्ट नबनाउनु तथा मुचुल्का नउठाउनु हामी २ जनाको सामान्य गल्तीसम्म रहेको तथा उक्त घटनाको सम्बन्धमा कारवाही अगाडी बढेको अवस्था रहेकोले प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने समेत बेहोराको **रतुवामाई नगरपालिका समेतको लिखित जवाफ।**

४ म लिखित जवाफकर्ता नगरपालिकाको नगरप्रमुख बहाल रहेकै अवस्थामा विश्वव्यापी कोरोना महामारी फैलिएको र धेरैजसो दैनिक ज्याला मजदुरी गरी खाने वर्ग प्रभावित भएकोले संघीय सरकारले परिपत्र गरी स्थानीय तहमा त्यस्तो वर्ग त्यस स्थानीय तहको वडाहरुमा क्रियाशिल

राजनैतिक दलहरुको प्रतिनिदिधि र जनप्रतिनिधिहरुको समूह बनाई राहत समाग्री वितरण गर्नु पर्ने हुँदा वडा स्तरीय कोरोना प्रभावित सिफारिस समितिहरुको सिफारिस अनुसार नगर स्तरीय समिनिले नीतिगत निर्णय गरी नगरपालिकाको कार्यालयलाई निर्देशन गरेको र नगरपालिकाले प्रचलित कानुन अनुसार सिफारिस भै आएको घर परिवारलाई पुग्ने गरी मात्र राहत समाग्री खरिद गरी वितरण भएको तथा यसको सम्पूर्ण विवरण नगरपालिकामा रही सम्पूर्ण कार्य रितपूर्वक भएको हुँदा प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने समेत बेहोराको **रविन राईको लिखित जवाफ।**

५ यस नगरपालिकाको स्टोरमा रहेका म्याद नाघेका केही खाद्य सामग्री र जैविक मल तरकारी मिनि किट, साबुन लगायतका सामानहरु उपयोगहीन भएको कारण मिति २०८०।१०।२० गतेका दिन उक्त म्याद नाघेका सामानहरु नष्ट गर्ने प्रयोजनका निम्ति ट्याक्टरमा हाली नगरको अस्थायी डम्पिङ रतुवा खोलाको बगरमा लगी खाल्डो खनी पुरेको अवस्था हो। उक्त सामानहरु पुरेको थाहा पाई स्थानीय व्यक्तिहरुले उक्त सामग्री पुनः उत्खनन गरी सो सम्बन्धमा सरोकारबाला हौं भनी हामी लिखित जवाफकर्तासँग सूचना माग्ने क्रममा हामीले दिएको सूचना विज्ञप्ती लगायका कुरालाई सरोकारवाला समूह बताउने नागरिकहरुले बेवास्ता गरी उनीहरुको तर्फबाट नगरपालिकामा ताला लगाउनेसम्मका गतिविधि भएको अवस्था थियो। उक्त घटना सम्बन्धमा निष्पक्ष रुपमा छानबिन गरी गल्ती देखिएका जों कोहीलाई कानून बमोजम कारवाही होस भनी नगरपालिकाको तर्फबाट जिल्ला प्रशासन कार्यालय मोरङमा मिति २०८१।०१।१२ गतेका दिन पत्राचार गरेपछि सो सम्बन्धमा छानबिन समिति गठन भई हाल छानबिन गरीरहेको अवस्था रहेकोले प्रस्तुत रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत बेहोराको **विपक्षी जिल्ला मोरंग रतुवामाई नगरपालिका वडा नं. ७ का वडाअध्यक्षको लिखित जवाफ।**

**आदेश खण्ड**

६. नियमबमोजिम पेसीसूचीमा चढी निर्णायार्थ यस इजलास समक्ष पेस भएको प्रस्तुत निवेदन सहितको मिसिल अध्ययन गरी निवेदकको तर्फबाट उपस्थित विद्वान् अधिवक्ता श्री योगेन्द्र काफ्ले तथा विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री डिल्लीबहादुर कार्की र श्री सिताराम राई तथा विद्वान अधिवक्ता श्री खुसीराज गौतमले गर्नु भएको वहससमेत सुनियो ।

७. विपक्षी नगरपालिकाको कोषबाट निम्न र कमजोर आर्थिक अवस्था भएका नागरिकहरुका लागि खरिद गरिएका खाद्यान्न, औषधी लगायत अत्यावश्यक विभिन्न राहत समाग्रीहरुको मिति गुज्रिदासम्म भण्डारण गरी प्रत्यर्थीहरुको मिलिभगतमा नगरपालिकाको फोहोर फाल्ने डम्पिङ साईट रहेको भनिएको वडा नं. ७ मा रहेको रतुवा खोलाको किनारमा ३५० किलो जैविक मल, ४५ किलोग्राम नुन, कृषि ज्ञान मोरङबाट प्राप्त तरकारी मिनी किट १००

प्याकेट, १७५ कीलोग्रममा सोना चामल, २५ कीलोग्राम मुसुरी दाल २४ वटा साबुन तथा मानव स्वास्थ्यमा प्रयोग हुने औषधी लगायतका समाग्री सामान्य कानुनी प्रकृया समेत पुरा नगरी नष्ट गरिएकोले मजदुरी गरेर बस्ने हजारौं जनसंख्यासम्म उक्त खाद्यान्न नपुराई सडाएर राखे कार्य मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्रको मर्म र भावना विपरित रहेको छ। विपक्षीहरुको उपरोक्त कार्यले फहोरमैला व्यवस्थापनका नाउँमा खोलाको वातावरणमा गम्भिर असर पुऱ्याउने हुँदा यस्ता प्लाष्टिक र औषधी तथा विषादी जन्य पदार्थलाई जथाभावी फाल्ने थुपार्ने र गाड्ने नगरी जैविक र अजैविक अथवा कुहिने र नकुहिने फोहोर छुट्टयाई उचित व्यवस्थान गर्ने तथा कुनै सामान नष्ट गर्नु पर्ने अवस्था आएमा सर्जमिन मुचुल्का खडा गरी उचित कार्यविधि अवलम्बन गरेर मात्र वातावरणलाई असर नगर्ने गरी नष्ट गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत अन्य उपर्युक्त आदेश जारी गरी पाउँ भन्ने समेत बेहोराको निवेदकको रिट निवेदनपत्र **रहेकोमा** लिखित जवाफकर्ता मध्येका नरहरि निरौला र सन्तोष साहले मिति २०८०।१०।२० गतेका दिन उक्त म्याद नाघेका सामानहरु नष्ट गर्ने प्रयोजनका निमित्त ट्याक्टरमा हाली नगरको अस्थायी डम्पिङ रतुवा खोलाको बगरमा लगी खाल्डो खनी पुरेको घटना सम्बन्धमा छानबिन समिति गठन भई हाल छानबिन गरीरेहेको अवस्था छ। म्याद नियतका साथ प्रयोग गर्न नमिल्ने सामानहरु नष्ट गरेको तथा उक्त सामानहरुको लिष्ट नबनाउनु तथा मुचुल्का नउठाउनु सामान्य गल्तीसम्म रहेको तथा उक्त घटनाको सम्बन्धमा कारवाही अगाडी बढेको अवस्था रहेकोले प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने समेत बेहोराको **रतुवामाई नगरपालिका समेतको** र म लिखित जवाफकर्ता नगरपालिकाको नगरप्रमुख बहाल रहेकै अवस्थामा विश्वव्यापी कोरोना महामारी फैलिएको र धेरैजसो दैनिक ज्याला मजदुरी गरी खाने वर्ग प्रभावित भएकोले संघीय सरकारले परिपत्र गरी स्थानीय तहमा त्यस्तो वर्ग त्यस स्थानीय तहको वडाहरुमा क्रियाशिल राजनैतिक दलहरुको प्रतिनिधि र जनप्रतिनिधिहरुको समूह बनाई राहत समाग्री वितरण गर्नु पर्ने हुँदा वडा स्तरीय कोरोना प्रभावित सिफारिस समितिहरुको सिफारिस अनुसार नगर स्तरीय समितिले नीतिगत निर्णय गरी नगरपालिकाको कार्यालयलाई निर्देशन गरेको र नगरपालिकाले प्रचलित कानुन अनुसार सिफारिस भै आएको घर परिवारलाई पुग्ने गरी मात्र राहत समाग्री खरिद गरी वितरण भएको तथा यसको सम्पूर्ण विवरण नगरपालिकामा रही सम्पूर्ण कार्य रितपूर्वक भएको हुँदा प्रस्तुत रिट खारेज गरी पाउँ भन्ने समेत बेहोराको **रविन राईको लिखित जवाफ रहेको प्रस्तुत निवेदनमा** निवेदकको माग बमोजिमको परमादेशको आदेश जारी हुने हो वा होइन ? भन्ने सम्बन्धमा विवेचना गरी निर्णय दिनु पर्ने देखियो।

८. निर्णयतर्फ विचार गर्दा, यसमा निवेदकले मुख्य रुपमा विपक्षी मध्येका रतुवामाई नगरपालिकाले मिति गुज्रिएका खाद्य सामग्री र जनस्वास्थ्यलाई गम्भीर असर पुऱ्याउने खालका प्लाष्टिक लगायत औषधी तथा विषादी जन्य पदार्थ विसर्जन गर्दा जथाभावी फाल्ने

थुपार्ने र गाड्ने गरेको भन्ने र राहतका लागि प्राप्त खाद्य सामग्रीलाई समयमा वितरण नगरी मिति गुजारी कानूनी प्रक्रिया समेत नपुर्‍याई त्यस्तो सामग्री खोलामा गाडि नगरवासी आम जनसाधारणको स्वास्थ्य र खोला तथा वरपरको वातावरणमा गम्भीर असर पुर्‍याएको विषयलाई उठाई प्रस्तुत निवेदन पेश गरेको देखियो। निवेदकको निवेदनमा प्लाष्टिक र औषधी तथा विषादी जन्य पदार्थलाई जथाभावी फाल्ने थुपार्ने र गाड्ने नगरी जैविक र अजैविक अथवा कुहिने र नकुहिने फोहोर छुट्याई उचित व्यवस्थान गर्ने तथा कुनै सामान नष्ट गर्नु पर्ने अवस्था आएमा सर्जमिन मुचुल्का खडा गरी उचित कार्यविधि अवलम्बन गरेर मात्र वातावरणलाई असर नगर्ने गरी नष्ट गर्नु गराउनु भनी विपक्षीहरुका नाउँमा परमादेश लगायत अन्य उपर्युक्त आदेश जारी गरी पाउन समेत माग गरेको देखिएको छ।

विपक्षीहरुको लिखित जवाफमा निवेदकले निवेदनमा उल्लेख गरेका चिजवस्तुहरु अस्थायी डम्पिङ रतुवा खोलाको बगरमा लगी खाल्डो खनी पुरेको तथ्यलाई स्वीकार गर्दै यस सम्बन्धमा छानविन समिति समेत गठन भई छानविन भई रहेको व्यहोरा समेत उल्लेख गरेको देखियो।

यसमा निवेदकले निवेदनमा राहत स्वरुप प्राप्त खाद्यान्न लगायतका उपभोग्य सामाग्रीहरुको म्याद गुजारी प्रयोग हुन नसक्ने अवस्थामा पुर्‍याई विपन्न वर्गले गुणस्तरीय अत्यावश्यक वस्तु समयमै प्राप्त गर्न पाउने हकबाट समेत बन्चित गराई म्याद गुज्रिएको भनी खाद्य लगायत उपभोग्य वस्तुहरु डम्पिङ्ग साईटमा लगि मुचुल्का समेत नउठाई सामान्य प्रक्रिया समेत पुरा नगरी विसर्जन गरेको विषयलाई गम्भिरतापूर्वक उठाएको र यो विषय सार्वजनिक सरोकारकै विषय रहेभएको देखिएको छ। एकातर्फ नगरपालिकाभित्र सैयौंका संख्यामा गरिव र विपन्न समुदायको उपस्थिति रहनु र उनीहरुको लागि दैनिक जीवन गुजारा गर्ने माध्यम समेत नभई हातमुख जोडन धौ धौ हुने अवस्था रहनु र अर्कोतर्फ स्थानीय सरकारको रुपमा रहेको नगरपालिकाले राहतको लागि वा अन्य कुनै स्रोतबाट प्राप्त गरेको खाद्यान्न लगायतका उपभोग्य वस्तुहरु भण्डारमानै कुहिने र म्याद गुजार्ने अवस्था सिर्जना हुने प्रबृत्ति देखिनु निश्चयनै दुखद् विषय हो। यस्तो सार्वजनिक सरोकारको विषय खाद्यान्न लगायतका उपभोग्य वस्तुहरु प्रयोग हिन हुनुमा मात्र सिमित नरही त्यस्तो वस्तु म्याद छँदै उपभोग गर्न पाउने अधिकारवाट लक्षित विपन्न वर्गलाई बन्चित हुने अवस्था सिर्जना गरिनु संग पनि जोडिने विषय हो। यस अर्थमा निवेदकले निवेदनमा उठाए बमोजिमको यो विषय खाद्यसंग सम्वन्धित मानव अधिकारको विषयसंग समेत जोडिएको देखियो।

यसमा खाद्य, खाद्य सुरक्षा र खाद्य सम्प्रभुतासंग सम्बन्धित मौलिक हकलाई नेपालको संविधानले प्रत्याभूत गरेको छ। यी हकको कार्यान्वयनका लागि खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्वन्धी ऐन २०७५ जारी भइ कार्यान्वयनको चरणमा रहेको समेत देखिएको छ। उक्त ऐनले प्रत्येक नागरिकलाई खाद्य सम्बन्धी अधिकार र खाद्य सुरक्षाको अधिकार

हुने व्यवस्था गर्दै यी अधिकारको सम्मान संरक्षण र परिपूर्तिका लागि स्थानीयतह समेतले आवश्यक व्यवस्था मिलाउने गरी कानूनी व्यवस्था भएको देखिन्छ। यो हकले नागरिकले पर्याप्त खाद्यान्न पाउनु पर्ने वा खाद्यान्न खरिद गर्न सक्ने उपाय उपलब्ध हुनुपर्ने र उपलब्ध खाद्यान्न पोषणयुक्त र प्रदुषण मुक्त हुनुपर्ने, कुहेको वा सडेको हुन नहुने कुरामा जोड दिन्छ। अर्थात् शारीरिक एवम् मानसिकरूपमा स्वस्थ रहनको निम्ति जे जस्तो खाद्यान्न आवश्यक पर्छ उपलब्ध खाद्यान्न त्यस्तो गुणयुक्त हुनुपर्छ। यीनै कुराहरुलाई विचार गरी सर्वोच्च अदालतबाट समेत "**वस्तुतः खाद्यसम्बन्धी हकको प्रत्याभूतिको निम्ति खाद्यान्नको नियमित र स्थायी पहुँच हुनुपर्छ। त्यस्तो पहुँच व्यक्ति, परिवार र समुदाय सबैलाई हुनुपर्छ। यसभित्र खाद्यान्नको मात्रा र गुण, उपलब्धता, आर्थिक र भौतिक पहुँच पर्छन्। यस्तो खाद्य व्यक्तिको उमेर, स्वास्थ्य, जीवनस्तरसमेतको दृष्टिबाट शारीरिक एवम् मानसिकरूपमा स्वस्थ रहनको लागि पर्याप्त हुनुपर्छ। साथै उपलब्ध खाद्य, धार्मिक र साँस्कृतिकरूपमा पनि मिल्दो वा सुहाउँदो र स्वीकार योग्य हुनुपर्ने**" (ने का प २०७४ अङ्क ९ निर्णय नं ९८७६ ) भनी सिद्धान्त समेत प्रतिपादन भएको देखिन्छ। यो सिद्धान्त समेतका आधारबाट हेर्दा खाद्यको अधिकारको सुनिश्चितताका लागि राज्यका निकाय गम्भीर र संवेदनशिल हुनु पर्दछ भन्ने देखिन्छ। तर विपक्षी नगरपालिकाले सर्वसाधारणको उपभोगका लागि प्राप्त हुन आएको खाद्य समाग्रीहरुलाई समुचित व्यवस्थापन गरी समयमै लक्षित वर्गलाई वितरण नगरी म्याद गुज्रन दिई त्यस्ता वस्तु विसर्जन गर्दा समेत प्रक्रिया समेत पुरा नगरी विवरण समेत नराखि जथाभावी विसर्जन गरेको भन्ने निवेदन व्यहोराबाट देखिँदा यसबाट समुदायमा परेको नकारात्मक प्रभावलाई कम आंकलन गर्न सकिने हुँदैन। यस्तो विषयमा अदालतबाट कुनै आदेश जारी गर्नु भन्दा पनि विपक्षीहरु स्वयंले यो विषयलाई गम्भीरतापूर्वक लिई आइन्दा यस्तो अवस्था आउन नदिने तर्फ आवश्यक सतर्कता अबलम्बन गर्नु उपयुक्त हुने देखिन्छ। साथै विपक्षीहरुको लिखित जवाफबाट यस विषयमा कारवाही प्रक्रिया अगाडी बढी रहेको भन्ने देखिएकोले यस सम्बन्धमा थप विवेचना गरी रहनु पर्ने समेत देखिन आएन।

११. यसमा निवेदकले उठाएको अर्को विषय प्लाष्टिक र औषधी तथा विषादी जन्य पदार्थलाई जथाभावी फाल्ने थुपार्ने र गाड्ने गरेको भन्ने सम्बन्धमा हेर्दा नेपालको संविधानको धारा ३० ले स्वच्छ वातावरणमा बाँच्न पाउने हकलाई मौलिक हकको रूपमा प्रत्याभूति गरेको देखिन्छ। उक्त मौलिक हकको कार्यान्वयनको लागि वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ जारी भई कार्यान्वयनमा रहेका छन्। तर विपक्षी नगरपालिकाले यस्ता प्लाष्टिक र औषधी तथा विषादी जन्य पदार्थलाई विसर्जन गर्दा यी ऐन र नियमावलीका व्यवस्थातर्फ ध्यान नपुर्‍याएमा जनसाधारणको स्वास्थ्यमा कति प्रतिकुल असर पुग्छ भन्ने आंकलन गर्न समेत कठीन छ। प्लाष्टिक नकुहिने पदार्थ हो। यसलाई पुनः प्रयोग गर्न सकिने भए पनि त्यसको लागि आवश्यक मेसिनरीको उपलब्धताको अभावमा

यसको पुनः प्रयोग त्यति सजिलो छैन। प्लाष्टिक त्यसै फाल्दा लामो समयसम्म वातावरणमा रही विषाक्त पदार्थहरू छोडिरहने र यसले वातावरण, जैविक विविधता तथा मानव स्वास्थ्यमा नै प्रतिकूल असर पार्दछ। माटोको उर्वराशक्ति घट्ने, पानीको मुहान थुनिने, ढल निकासमा अवरोध आउने, प्लास्टिकलाई जलाएर डिस्पोज गर्दा विषाक्त र हानिकारक ग्याँस उत्पन्न हुने र ठूलो मात्रामा यस्तो ग्याँस पैदा हुँदा वायुमण्डलीय अवस्थामा नै असर परी जलवायु परिवर्तनको समस्यालाई थप जटिल बनाउने अवस्था रहन्छ। जनावरहरूले माटोमा मिसिएको प्लाष्टिक खाने, प्लाष्टिकले बोटबिरूवाको उब्जनीमा बाधा पुऱ्याउने र जलमा रहने जीवजन्तुहरूको लागि प्राणघातक हुने जस्ता जैविक विविधतासम्बन्धी समस्या पनि प्लाष्टिकबाट उत्पन्न हुन सक्ने देखिन्छ। त्यसैगरी औषधी तथा विषादी जन्य पदार्थहरुको सही रुपमा व्यवस्थापन नहुँदा यी पदार्थहरुले समेत वातावरणलाई प्रदुषित तुल्याई जनस्वास्थ्यमा गम्भीर असर पार्ने कुरामा दुई मत हुनै सक्दैन।

यसमा स्वच्छ वातावरण मानवका लागि मात्र नभई सम्पूर्ण जैविक तथा वनस्पतिक प्रजातिको संरक्षणको लागि समेत अपरिहार्य छ। त्यसैले मानिसको गुणात्मक जीवन कायम गर्न वातावरण प्रदुषणका कारकको रूपमा रहेको फोहरमैलाको उचित व्यवस्थापन एवम् प्रदुषण नियन्त्रणको कार्यलाई प्राथमिकताको क्षेत्रको रुपमा हेरिन्छ। नेपालको संविधानको धारा ५१ (छ) (५) ले **"जनसाधारणमा वातावरणीय स्वच्छतासम्बन्धी चेतना बढाई औद्योगिक एवम् भौतिक विकासबाट वातावरणमा पर्न सक्ने जोखिमलाई न्यूनिकरण गर्दै वन, वन्यजन्तु, पंक्षी, वनस्पति तथा जैविक विविधताको संरक्षण, संवर्धन र दिगो उपयोग गर्ने"** भनी नीतिगत व्यवस्थानै गरेको देखिन्छ। यो नीतिगत व्यवस्थाका अतिरिक्त वातावरण संरक्षण ऐन, २०५३, वातावरण संरक्षण नियमावली, २०५४ का व्यवस्थाको प्रतिकुलका वातावरणीय प्रदुषण हुने क्रियाकलापको परिणाम स्वरूप जैविक विविधतामा ह्रास हुँदै गई त्यसको प्रत्यक्ष असर मानव जातीलाई समेत पर्ने हुन्छ। स्वच्छ र स्वस्थ वातावरणमा मात्र प्रत्येक व्यक्तिको जीवनको अस्तित्व सम्भव हुन्छ। यस्तो जनस्वास्थ्यसंग प्रत्यक्षतः सम्बन्धित विषयमा विपक्षीहरु गम्भिर बन्नु आवश्यक देखियो।

तसर्थ, निवेदकले विपक्षी मध्येका मोरङ जिल्ला रतुवामाई नगरपालिका कार्यापालिकाको कार्यालय समेतले फोहोर मैला व्यवस्थापनका नाममा खोला किनारामा वातावरणमा गम्भिर असर पुग्ने गरी प्लाष्टिक लगायत औषधीजन्य पदार्थ जथाभावी फाल्ने, थुपार्ने गरेको भन्ने सार्वजनिक हित वा सरोकारको विषय उठाएको देखिंदा र निवेदकले उठाएको विषय सर्वसाधारणको स्वास्थ्य र वातावरणको दृष्टीले गम्भिर प्रकृतिको देखिंदा आफ्नो पालिका क्षेत्रमा फोहोर मैला विसर्जन एवम् व्यवस्थापन गर्दा जथाभावी फाल्ने, थुपार्ने, गाड्ने कार्य नगरी जैविक (कुहिने) र अजैविक (नकुहिने) वस्तुको वर्गिकरण गरी कुहिने फोहोरजन्य पदार्थलाई प्राङ्गारिक मलको रुपमा विकास गर्ने र नकुहिने फोहोर मध्ये पुनः प्रयोग हुन

सक्ने वस्तुलाई यथोचित व्यवस्थापन गरी पुनः प्रयोग हुन नसक्ने फोहोरजन्य पदार्थलाई जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर नपुग्ने गरी उपयुक्त प्रविधि प्रयोग गरी विसर्जन गर्न आवश्यक व्यवस्था मिलाउनु भनी विपक्षीहरुका नाउँमा नेपालको संविधानको धारा १४४ बमोजिम परमादेशको आदेश जारी हुने ठहर्छ। अन्य कुरामा तपसिलबमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. माथि आदेश खण्डमा उल्लेख भएबमोजिम विपक्षीहरुका नाउँमा परमादेशको आदेश जारी हुने ठहरेकाले प्रस्तुत आदेशको कार्यान्वयन गर्न आदेशको प्रतिलिपि सहितको जानकारी विपक्षीहरुलाई दिनू।

२. सरोकारवालाले आदेशको नक्कल माग गरे कानूनको रित पुर्‍याई नक्कल दिनू।

३. प्रस्तुत आदेश प्रमाणीकरण भएपछि यस अदालतको वेवसाइट र सूचना पाटीमा विवरण प्रकाशित गर्नू।

४. प्रस्तुत आदेश विद्युतीय प्रणालीमा अपलोड गरी मुद्दाको दायरीको लगत कट्टा गर्नु र मिसिल नियमानुसार अभिलेख शाखामा बुझाई दिनू।

(केशव प्रसाद वास्तोला)
न्यायाधीश

उक्त रायमा म सहमत छु।

(समता खनाल)
न्यायाधीश

***फैसला लेखनमा सहयोग गर्नेः-***

शाखा अधिकृत :- कुनाल सिंह चौहान

कम्प्यूटर अपरेटर :- देवराज लुइटेल

इति सम्वत् २०८२ साल बैशाख २२ गते रोज २ शूभम्-----------------------------------------।

नेपाल सम्वत् ११४५ वछलाथ्व, ८ सोमबार----------------------------------------------।

प्रमाणिकरण मिति :- २०८२/०१/२१६